कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः २/०९/२०७९/०८०

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ अनुसार कानेपोखरी गाउँपालिका ६ नं. वडाभित्र रहेका सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन गरी कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०४।३१ गते वसेको वैठकको निर्णय नम्वर (४) वमोजिम जग्गा नापजाँच सम्पन्न भएका विभिन्न लाभग्राहीहरुको विवरण र भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई जग्गा उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ को दफा ३ वमोजिमका कागजातहरु प्रमाणीकरण गरी श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङमा सिफारिस गरी पठाइएकोमा श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङवाट मिति २०७९।०५।१३ गते प्रकाशित सूचना वमोजिम जग्गा नापजाँचको सम्पूर्ण कार्य सम्पन्न भई जग्गा प्रासिका लागि योग्य देखिएका यस गाउँपालिकाको ६ नं. वडाका अव्यवस्थित वसोवासी लाभग्राहीहरुले जग्गा प्रासिका लागि तिर्नुपर्ने राजस्व दस्तुरका विषयमा ६ नं. वडा समिति, गाउँपालिका स्तरीय भूमिहिन तथा अव्यवस्थित वसोवासी व्यवस्थापन सहजीकरण समिति तथा स्थानीय लाभग्राहीहरुवाट समेत जग्गा प्रासिका लागि तिर्नुपर्ने राजस्व दस्तुर अस्वभाविक भएकाले सम्वन्धित निकायमा पुनर्विचारका लागि लेखी पठाउन माग भएको विषय उपर यस वैठकमा व्यापक छलफल भयो। श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङवाट मिति २०७९।०५।१३ गते प्रकाशित सूचनामा लाभग्राहीहरुले तिर्नुपर्ने राजस्व रकम, यस गाउँपालिका क्षेत्रभित्रको सम्वन्धित स्थानको जग्गाको चलनचल्तीको मुल्यभन्दा अत्यन्तै महँगो भएको, जिल्ला समितिले मूल्यांकन गर्दा हाल नापी सम्पन्न भएको जग्गाको आँठासँग जोडिएको जग्गाको मूल्यका आधारमा मूल्यांकन गरे तापनि हाल नापी भएको अधिकाँश जग्गा सीम क्षेत्र रहेकोले फरक प्रकृतिका जग्गासँग मूल्यांकन गर्दा मूल्यांकन रकम वढी आएको देखिएको, लाभग्राहीहरुले करीव ४०/४५ वर्षदेखि उक्त जग्गा ढालफाँड गरी भोगचलन गर्दै आएकोमा उक्त जग्गा र आँठासँग जोडिएको जग्गाको मूल्यांकन एकै हुनसक्ने अवस्था नदेखिएको तथा लाभग्राहीहरुको आर्थिक अवस्थाले राजस्व रकम तिर्नसक्ने क्षमता समेत नदेखिएकाले राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङवाट निर्धारण गरिएको राजस्व रकम उपर तत्काल पुनर्विचार गरी ऐलानी जग्गाको हालसम्म पनि न्युनतम मूल्यांकन गर्ने कानूनी आधार नभएको अवस्था र लाभग्राहीको आर्थिक क्षमता समेतलाई मध्यनजर गरी जग्गाको मूल्य निर्धारण गर्ने व्यवस्था मिलाई अव्यवस्थित वसोवासीलाई तत्काल जग्गा प्रासिको व्यवस्था मिलाई दिनहुन श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङ र श्री जिल्ला प्रशासन कार्यालय, मोरङमा समेत सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा **विकास निर्माण र सेवा प्रवाहको विषयमा पूर्व जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा भोगेका महत्वपूर्ण कार्य/अनुभवहरुलाई समेटी गाउँपालिकाको स्थायी सम्पत्तिको रुपमा संस्थागत गर्न कृति प्रकाशन गरिनेछ** भनी कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्वर (८३) मा व्यवस्था छ। उक्त नीति तथा कार्यक्रमले निर्देश गरेको व्यवस्था कार्यान्वयन गर्न सरोकारवाला लक्षित देहाय वमोजिमको एक कार्यदल गठन गर्ने र उक्त कार्यदललाई



राजमती इङ्नाम
अध्यक्ष

Scanned with CamScanner

१४०८

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०९/२०७९/०८०

तपसिल अनुसारको कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने व्यवस्था समेत मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

### कार्यदलको गठनः

| | |
|---|---|
| श्री तारावहादुर काफले, निवर्तमान गाउँपालिका अध्यक्ष, कानेपोखरी गाउँपालिका | -संयोजक |
| श्री दिपेश कार्की, निवर्तमान वडा अध्यक्ष, १ नं. वडा, कानेपोखरी गाउँपालिका | -सदस्य |
| श्री कृतिमान मादेन, निवर्तमान वडा अध्यक्ष, ३ नं. वडा, कानेपोखरी गाउँपालिका | -सदस्य |
| श्री धनवहादुर राई, निवर्तमान वडा अध्यक्ष, ४ नं. वडा, कानेपोखरी गाउँपालिका | -सदस्य |
| साविक केरौन, वयरवन र होक्लावारी गाउँ विकास समितिका पूर्व अध्यक्ष/उपाध्यक्षहरु | -सदस्य |
| साविक केरौन, वयरवन र होक्लावारी गाउँ पञ्चायतका पूर्व प्रधानपञ्च/उपप्रधानपञ्चहरु | -सदस्य |
| कार्यालयले तोकेको एकजना कर्मचारी | -सदस्य सचिव |

### कार्यदलका लागि निर्धारण गरिएको कार्यक्षेत्रगत शर्त (ToR) हरुः

- कार्यदलले कानेपोखरी गाउँपालिकाका निवर्तमान वडा सदस्य, साविक केरौन, वयरवन र होक्लवारी गाउँ विकास समिति तथा गाउँ पञ्चायतका वडा अध्यक्ष समेतको कार्य/अनुभवहरु समेटी कृति प्रकाशनको लागि लेख संकलन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- कार्यदलले सकभर हस्तलिखित लेख संकलन गर्ने व्यवस्था मिलाउने,
- कार्यदलले गाउँ कार्यपालिकाको कार्यालयसँग समन्वय र सहकार्य गरी माथि उल्लेख भए वमोजिमका निवर्तमान एवम् पूर्व जनप्रतिनिधिहरु लक्षित एक दिवसीय अन्तर्किया कार्यक्रम (साविक केरौन, वयरवन र होक्लावारीमा) आयोजना गरी कृतिमा प्रकाशन गरिने लेखको ढाँचामा एकरुपता कायम गर्ने व्यवस्था मिलाउने,
- कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ मा व्यवस्था भए वमोजिम कार्यदललाई अन्तर्किया कार्यक्रम सञ्चालन वापत् लाग्ने सम्पूर्ण खर्च गाउँपालिकावाट व्योहोरिने,
- लेख/रचनामा संलग्न निवर्तमान एवम् पूर्व जनप्रतिनिधिहरुलाई नियमानुसारको लेख/रचना वापतको रकम गाउँपालिकावाट उपलव्ध गराइने,
- कार्यदलले मिति २०७९ साल पौष मसान्तभित्र उल्लिखित कार्य सम्पन्न गरी कृति प्रकाशनको लागि अन्तिम दस्तावेज तयार गरी गाउँ कार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्ने।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा असहाय व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दारका लागि चालु आर्थिक वर्ष २०७९।०८० मा विनियोजित वजेट देहायमा उल्लिखित ढाँचा, सिलिङ र पद्धतिभित्र रही कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र सबै वडाका वडा अध्यक्षलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।



राजमती डङ्गा... अध्यक्ष

Scanned with CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०९/२०७९/०८०

**ढाँचाः**

**श्री**

श्री कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, मितिः २०  ।  ।

बयरवन, कानेपोखरी गाउँपालिका, मोरङ।

विषयः <u>असहाय व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार खर्च वापतको रकम उपलब्ध गराई पाउँ</u>।

प्रस्तुत विषयमा यस गाउँपालिकाको ......नं. वडामा देहायमा उल्लिखित विवरणको असहाय व्यक्ति यही मिति २०  ।  । गतेका दिन फेला परेको र उक्त व्यक्तिको संरक्षण/तत्काल राहत/उद्दार (के/के गरिएको हो ? सो मा चिन्ह (o) लगाउने) कार्यमा तपसिल बमोजिम खर्च भएकाले उक्त रकम सोधभर्ना गरी दिने व्यवस्था मिलाई दिनुहुन सो कार्यसँग सम्वन्धित विल/भर्पाई र कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। निवेदनसाथ पेश गरेका विवरण एवम् कागजात ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/बुझाउँला।

**<u>असहाय व्यक्तिको</u>-**

नाम, थरः ............................................................................ ठेगानाः ..........................................

लिङ्गः वर्षः हुलियाः

के/कति कारणले असहाय भएको वा देखिएको हो ? सो पुष्टि हुने विवरण उल्लेख गर्नेः

.......................................................................................................................................

.......................................................................................

असहाय व्यक्तिको संरक्षण/तत्काल राहत/उद्दार के गरिएको हो ? सोको संक्षिप्त विवरण लेख्ने।

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.....................................................................

<u>संलग्न गर्नुपर्ने कागजातः</u>

-असहाय व्यक्तिको फोटो,

-असहाय व्यक्तिलाई संरक्षण/तत्काल राहत/उद्दार कार्यमा लागेको सक्कल विल/भर्पाई,

-प्रहरी सर्जमिन वा स्थानीय सर्जमिन मुचुल्का सहित असहाय व्यक्तिको संरक्षण/तत्काल राहत/उद्दार गरेको भए सोको प्रति।

-उल्लिखित बाहेक अन्य कुनै प्रमाण भए सो संलग्न गर्ने।

वडा कार्यालयको छाप

**<u>निवेदक वडाध्यक्षको</u>-**

हस्ताक्षरः

नाम, थरः

वडाको नामः

**<u>सिलिङः</u>**

- प्रत्येक वडाका वडा अध्यक्षले उल्लिखित बमोजिम असहाय व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार गर्दा बढीमा सात हजार रुपैयासम्मको सीमाभित्र रहेर मात्र खर्च लेख्ने व्यवस्था मिलाउने।

मिति २०७९।०५।१९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय



राजमती ... अध्यक्ष

Scanned with CamScanner

सोभन्दा बढी रकमको हकमा गाउँपालिका अध्यक्षज्यूको आदेश/निर्णयमा मात्र खर्च गरी बिल/भर्पाई पेश गर्ने।

- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरु अन्यत्र स्थानका विभिन्न सामाजिक तथा परोपकारी संघ/संस्थामा आश्रय लिई रहेको भए त्यस्ता संघ/संस्थामा गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने जुनसुकै सहायतामा हुने सम्भावित खर्च समेत सोही शीर्षकबाट लेख्न सकिने।

**पद्धतिः**

असहाय व्यक्तिको संरक्षण, तत्काल राहत र उद्धार कार्यमा वडा अध्यक्षबाट हुने खर्च सोधभर्ना तत्काल गर्न एवम् त्यसको व्यवस्थित अभिलेख समेत राख्नका लागि शिक्षा तथा सामाजिक विकास शाखालाई स्वीकृत बजेटभित्रबाट पेश्की उपलब्ध गराउने व्यवस्था मिलाउने।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा चालु आर्थिक वर्षमा विनियोजित बाल उद्यान निर्माण आयोजना ७ नं. र ५ नं. वडाको जहदामा सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा चालु आर्थिक वर्षमा सशर्त अनुदान मार्फत् प्राप्त नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रमका लागि विनियोजित रकम रु. ८,००,०००।०० बाट प्रति कृषक रु. २०,०००।०० अनुदान उपलब्ध गराउने गरी रु. ६,००,०००।०० रकम बायोग्याँस कार्यक्रमका लागि र बाँकी रु. २,००,०००।०० रकम ३ नं. वडा कार्यालयमा वैकल्पिक उर्जा (सोलार/ब्याट्री) प्रविधि जडान कार्यमा खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा यही मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत् निर्वाचित कानेपोखरी गाउँपालिकाको दोस्रो कार्यकालका जनप्रतिनिधिको एक सय (१००) दिनमा सम्पन्न एवम् शुरुवात् भएका मुख्य/मुख्य कार्य एवम् प्रगती समेटेर यही मिति २०७९ भदौ मसान्त अगावै पत्रकार सम्मेलन कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाका प्रवक्ता र गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिएका शिक्षक/कर्मचारीहरुलाई अर्को व्यवस्था नहुञ्जेलसम्म गत/विगतको गाउँ सभा एवम् गाउँ कार्यपालिकाको निर्णय बमोजिमकै सेवा/सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र सबै सामुदायिक विद्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**



राजमती इङ्नाम
अध्यक्ष

Scanned with CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०९/२०७९/०८०

प्रस्ताव नं. (८) माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयमा विद्युत आपूर्तिमा अवरोध आउँदाका वखत् कार्यालयले उपलब्ध गराउने नियमित सेवा प्रवाहमा प्रतिकूल अवस्था देखिन थालेको तथ्यलाई मध्यनजर गर्दै कम्तीमा १५ केभिए क्षमताको एक थान जेनेरेटर तत्काल खरिद गर्ने व्यवस्था मिलाउन र सो कार्यका लागि लाग्ने खर्च मेशिनरी तथा औजार मर्मतसम्भार तथा सञ्चालन खर्च शीर्षकबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा ३ नं. वडाको डाँसखोलाको सुकुम्बासी बस्तीमा बढीमा १०० मिटर लम्बाईको बार्सो लचिङ आयोजना सञ्चालन गर्ने र उक्त कार्यका लागि लाग्ने खर्च प्रकोप व्यवस्थापन कोषबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० का लागि स्वीकृत सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्ने गरी देहायमा उल्लिखित आयोजना/कार्यक्रम तत्काल सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहायः</u>

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | खर्च लेख्ने बजेट शीर्षक | विनियोजित बजेट (रु.) | तत्काल आयोजना सञ्चालन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | डाँसखोलामा बार्सो पाइलिङ कानेपोखरी ६, सीताधाप | प्रकोप व्यवस्थापन कोष | १,१५,०००।०० | डाँसखोलाबाट हुने कटान रोकथाम तथा नियन्त्रणका लागि |
| २. | ४ नं. वडा कार्यालय अगाडिपट्टि पक्कीनाला निर्माण | ड्रेन सहितको सडक स्तरोन्नती आयोजना | ५,००,०००।०० | सुँगुर/बँगुर बिक्रीस्थल भएकाले तत्काल फोहोर व्यवस्थापन गर्नुपर्ने भएकाले। |
| ३. | हरितालिका तीज पर्वका अवसरमा लैङ्गिक हिंसा नियन्त्रणका लागि सञ्चालित सचेतनामूलक कार्यक्रममा सहयोग | महिला अधिकार संरक्षण सम्बन्धी सचेतनामूलक तालिम | बढीमा रु.१००,०००।०० | परियोजना प्रस्तावमा उल्लेख भए बमोजिमका स्थानमा आयोजित कार्यक्रममा मात्र उपलब्ध गराउने। |
| ४. | दुर्गा पञ्चायन मन्दिर, कानेपोखरी २ मा मुर्ति व्यवस्थापन | मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद मर्मतसम्भार | ६०,०००।०० | मन्दिरको मुर्ति चिप्रेकाले नयाँ प्रदान गरी दिने भनी मन्दिर व्यवस्थापन समिति र वडाको सिफारिस प्राप्त भएकाले। |
| ५. | वृद्धा चौतारीको भुँइमा प्लाष्टर मर्मत, कानेपोखरी ७ | मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद मर्मतसम्भार | ५०,०००।०० | |
| ६. | श्री पञ्चज्योति आधारभूत विद्यालय, कानेपोखरी ६ मा शौचालय निर्माण | सामुदायिक विद्यालय मर्मतसम्भार | ६,००,०००।०० | विद्यालयका विद्यार्थीका अलावा आसन्न निर्वाचनमा सहभागी हुने मतदाता एवम् मतदानमा खटिने कर्मचारीहरूलाई समेत प्रयोगमा ल्याउन सहज हुने भएकाले। |

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

**मिति २०७९।०५।१९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

पाना ॥५॥

राजमती बुढाथोकी
अध्यक्ष

Scanned with CamScanner